O/C

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

☎: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : २०७५।७६
चलानी नं. : ४२८

मितिः२०७५।१०।१३

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री मालपोत कार्यालय (सबै),
प्रदेश नं. ५, नेपाल ।

प्रस्तुत विषयमा मिति २०७५/१०/११ गते आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं.५ का सचिव श्री थानेश्वर गौतमज्यूको संयोजकत्वमा प्रदेश नं. ५ का मालपोत कार्यालयका प्रमुखहरुसँगको बैठकमा मालपोत कार्यालयहरु मार्फत संकलित राजश्वरकम बाँडफाँड लगायतका विषयमा भएका निर्णयहरु कार्यान्वयनको लागि यसै पत्र साथ संलग्न राखी पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(टुक प्रसाद पोखेल)
तथ्याङ्क अधिकृत

**बोधार्थ**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी मन्त्रालय सिंहदरवार काठमाण्डौं ।
श्री मुख्य तथा मन्त्रीपरिषद्को कार्यालय प्रदेश नं. ५, बुटवल ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश नं. ५, बुटवल ।
श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय (सबै) प्रदेश नं. ५ ।

Website: moeap.p5.gov.np Email: info@moeap.p5.gov.np/moeap5.temp@gmail.com

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

एजेन्डाहरु

१. घरजग्गा रजिष्ट्रेशन शुल्क बापतको राजस्व रकम प्रदेश र स्थानीय तहबीच बाडँफाडँ गर्ने सम्बन्धमा
२. रजिष्ट्रेशन बाहेकको रकम सम्बन्धमा
३. श्रेस्ता सुधार तथा व्यवस्थापनको लागि आवश्यक स्रोत साधन सम्बन्धमा
४. मालपोत कार्यालयबाट प्रदेश सञ्चित कोषमा रकम दाखिला गर्ने संयन्त्र सम्बन्धमा
५. प्रदेश आर्थिक ऐन,२०७५ कार्यान्वयनमा देखिएका समस्याहरुको सम्बन्धमा
६. राजस्वको मासिक प्रतिवेदन सम्बन्धमा

निर्णयहरु

१. महालेखा नियन्त्रक कार्यालयबाट मिति २०७५/०३/३२ मा स्विकृत "प्रदेश तथा स्थानीय तहको विभाज्य कोषका सम्बन्धमा तयार गरिएको कार्यविधि" को प्रकरण ३ मा भएको " मालपोत कार्यालयले महिना समाप्त भएको तीन दिनभित्र सङ्कलन भएको राजस्वको ४० प्रतिशत प्रदेशलाई र बाँकी ६० प्रतिशत सम्बन्धित स्थानीय तहहरुलाई बाँडफाँड गरी सम्बन्धित सञ्चित कोषमा रकम ट्रान्सफर गरिदिन कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गर्ने।मालपोत कार्यालयबाट ट्रान्सफर गर्नुपर्ने विवरण र रकम सहित अनुरोध भई आएपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित खातामा रकम ट्रान्सफर गर्ने व्यवस्था गरिदिने।" व्यवस्थाको तत्काल कार्यान्वयन गर्ने ।

२. रजिष्ट्रेशनसँग सम्बन्धित गुठी र पूँजीगत लाभकर बाहेकका अन्य शिर्षकमा संकलित राजस्व बाँडफाँडका सम्बन्धमा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.न १००६ मिति २०७५/०९/०५ को पत्रबाट भूमि सुधार तथा मालपोत कार्यालहरुबाट संकलित राजस्व मध्ये पूँजिगत लाभकार संघको केन्द्रीय राजस्वमा जम्मा हुने गरेको र अन्य विषयमा विभागबाट कुनै पनि निर्देशन जारी नभएको व्यहोरा अनुरोध छ भनि लेखि आएको हुँदा उक्त राजस्व रकम समेत निर्णय नं. १ बमोजिम प्रदेश र स्थानीय तहबीच बाडँफाडँ हुने व्यवस्था मिलाउने ।

३. चालू आ.व २०७५/७६ को हकमा मालपोत कार्यालयहरुमा रहेका श्रेस्ता सुधारको लागि लाग्ने खर्चका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले मापदण्ड तयार गरी मालपोत कार्यालयहरुलाई उपलब्ध गराउने व्यवस्था गर्ने। संस्थागत सुदृढीकरणको हकमा सबै मालपोत कार्यालय बाट विवरण प्राप्त गरी दिर्घकालिन योजना बनाई सुधारका लागि आवश्यक व्यवस्था गर्ने।

४. आगामी आ.व मा मालपोत कार्यालयहरुलाई श्रेस्ता सुधार बापत उपलब्ध गराउनुपर्ने रकमका सम्बन्धमा आर्थिक ऐन र विनियोजन ऐनमा आवश्यक व्यवस्था गर्ने।

५. मालपोत कार्यालयहरुबाट संकलन हुने राजस्व मध्ये गुठी र पूँजीगत लाभकर बाहेक अन्य शिर्षकमा संकलित रकम र बाँडफाँडको विवरण प्रत्येक महिनाको ७ गते भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने ।

सचिव